क) जिल्ला वन अधिकृत — अध्यक्ष
ख) सहायक प्रमुख जिल्ला अधिकारी — सदस्य
ग) कोष तथा लेखा नियन्त्रक — सदस्य
घ) जिल्ला विकास समितिले तोकेको सो समितिको एकजना सदस्य — सदस्य
ङ) समाजसेवी तथा लब्ध प्रतिष्ठित व्यक्तिहरू मध्येबाट मन्त्रालयबाट मनोनीत दुई जना — सदस्य
च) सहायक वन अधिकृत — सदस्य-सचिव

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः–

(१क) उपनियम (१) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

आज्ञाले,
रविबहादुर बिष्ट
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको सूचना

### प्राचीन स्मारक संरक्षण (तेस्रो संशोधन) नियमावली, २०५६

प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यी नियमहरूको नाम "प्राचीन स्मारक संरक्षण (तेस्रो संशोधन) नियमावली, २०५६" रहेको छ ।

१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ को नियम १.२ मा संशोधनः प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १.२ को उपनियम १.२.१.४ पछि देहायका उपनियम १.२.१.५ र १.२.१.६ थपिएका छन्:–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२४

"१.२.१.५ "वर्गीकरण समिति" भन्नाले नियम २.३ बमोजिम गठित प्राचीन स्मारक सर्भेक्षण एवं वर्गीकरण समिति सम्झनुपर्छ ।

१.२.१.६ "कोष" भन्नाले नियम ४.१० बमोजिम खडा गरिएको प्राचीन स्मारक संरक्षण कोष सम्झनुपर्छ ।"

३. मूल नियमावलीको नियम २.१ मा संशोधनः मूल नियमावलीको नियम २.१ को उपनियम २.१.१ को शुरुमा रहेका "ऐनको दफा ३क. को प्रयोजनको लागि" भन्ने शब्दहरूको सट्टा "संरक्षित स्मारक क्षेत्रभित्र निजी हकभोगको जग्गामा बनाइने घरको शैली तथा मापदण्डका सम्बन्धमा विभागलाई परामर्श दिन" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीमा नियम २.३ र २.४ थपः मूल नियमावलीको नियम २.२ पछि देहायका नियम २.३ र २.४ थपिएका छन्:–

"२.३ प्राचीन स्मारक सर्भेक्षण एवं वर्गीकरण समितिः

२.३.१ प्राचीन स्मारकको सर्भेक्षण एवं वर्गीकरण गर्नको निमित्त देहाय बमोजिमको एउटा प्राचीन स्मारक सर्भेक्षण एवं वर्गीकरण समिति गठन गरिएको छः–

२.३.१.१ महानिर्देशक, विभाग – संयोजक

२.३.१.२ विभागीय प्रमुख, नेपाली इतिहास, संस्कृति, पुरातत्व केन्द्रीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय – सदस्य

२.३.१.३ विभागीय प्रमुख, वास्तुकला विभाग, इन्जिनियरिङ्ग अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय – सदस्य

२.३.१.४ प्रशासक, गुठी संस्थान – सदस्य

२.३.१.५ प्राचीन स्मारकको सर्भेक्षण एवं वर्गीकरण क्षेत्रसंग सम्बन्धित विशेषज्ञहरूमध्येबाट श्री ५ को सरकारले तोकेको दुईजना – सदस्य

२.३.१.६ प्रतिनिधि, गुम्बा व्यवस्था तथा विकास समिति – सदस्य

२.३.१.७ विभागले तोकेको अधिकृत – सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२.३.२ वर्गीकरण समितिले सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुख वा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधि, प्राचीन स्मारकको सर्भेक्षण एवं वर्गीकरण क्षेत्रसंग सम्बन्धित स्वदेशी वा विदेशी विशेषज्ञ वा श्री ५ को सरकारको कुनै अधिकृतलाई वर्गीकरण समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

२.३.३ वर्गीकरण समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

२.३.४ वर्गीकरण समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले व्यवस्थित गर्न सक्नेछ ।

२.४ वर्गीकरण समितिको काम, कर्तव्य र अधिकारः

२.४.१ वर्गीकरण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

२.४.१.१ प्राचीन स्मारकलाई स्वामित्व र महत्वको दृष्टिले वर्गीकरण गर्ने सम्बन्धमा विभागलाई परामर्श दिन समय समयमा प्राचीन स्मारकको सर्भेक्षण गरी सर्भेक्षण प्रतिवेदन तयार गर्ने ।

२.४.१.२ उपनियम २.४.१.१ बमोजिम तयार पारिएको सर्भेक्षण प्रतिवेदनको आधारमा प्राचीन स्मारकलाई स्वामित्व र महत्वको दृष्टिले वर्गीकरण गर्ने आधार तयार गरी सोही आधारमा प्राचीन स्मारकहरूको वर्गीकरण गर्न विभागलाई परामर्श दिने ।

२.४.१.३ उपनियम २.४.१.१ मा उल्लेख भएबमोजिम प्राचीन स्मारकहरूको सर्भेक्षण गरी प्रतिवेदन तयार गर्न आवश्यकता अनुसार उपसमितिहरू गठन गर्ने ।

२.४.१.४ प्राचीन स्मारकको सर्भेक्षण एवं वर्गीकरण गर्ने सम्बन्धमा श्री ५ को सरकारले सुम्पेको अन्य आवश्यक कार्यहरू गर्ने ।

२.४.२ उपनियम २.४.१.३ बमोजिम गठन हुने उपसमितिहरूको गठन विधि, कार्यअवधि, काम, कर्तव्य तथा अधिकार र अन्य कुराहरू वर्गीकरण समितिले तोकिदिएबमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२६

५. मूल नियमावलीको नियम ४.९ मा संशोधनः मूल नियमावलीको नियम ४.९ को सट्टा देहायको नियम ४.९ राखिएको :–

"४.९ बैठक भत्ता: यस नियमावली बमोजिम गठित विभिन्न समिति वा उप-समितिका सदस्यहरूले त्यस्तो समिति वा उपसमितिको बैठकमा भाग लिए बापत विभागले तोकिदिएबमोजिमको बैठक भत्ता पाउनेछन् ।

तर विभागले बैठक भत्ता तोक्नु अघि युवा, खेलकुद तथा संस्कृति मन्त्रालयको सहमति लिनु पर्नेछ ।"

६. मूल नियमावलीमा नियम ४.१०, ४.११, र ४.१२ थपः मूल नियमावलीको नियम४.९ पछि देहायका नियम ४.१०, ४.११, ४.१२ र ४.१३ थपिएका छन्:–

"४.१० प्राचीन स्मारक संरक्षण कोषः

४.१०.१ ऐतिहासिक तथा कलात्मक दृष्टिकोणबाट महत्वपूर्ण मानिएका प्राचीन स्मारकहरूको संरक्षण गर्नको निमित्त एक प्राचीन स्मारक संरक्षण कोष रहनेछ ।

४.१०.२ कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन् :–

४.१०.२.१ श्री ५ को सरकारबाट प्राप्त रकम ।

४.१०.२.२ कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम ।

४.१०.२.३ अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम ।

४.१०.२.४ संरक्षित स्मारक क्षेत्रहरूमा चलचित्र, टेलि-चलचित्र, वृत्तचित्र आदि छायाङ्कन गर्दा लाग्ने शुल्कबाट प्राप्त रकम ।

४.१०.२.५ स्मारक क्षेत्रमा प्रवेश गर्न लगाइएको प्रवेश शुल्क वा अन्य शुल्कबाट प्राप्त रकम।

४.१०.२.६ विभागबाट प्रकाशित हुने पुस्तक पुस्तिका, पत्रिका तथा पोष्टर आदिको बिक्रीबाट प्राप्त रकम।

४.१०.३ कोषमा जम्मा हुन आएको रकम इतिहास, कला, वास्तुकला, धार्मिक एवं सांस्कृतिक दृष्टिकोणबाट महत्वपूर्ण मानिएका निजी वा सार्वजनिक स्मारकहरूको जीर्णोद्धार तथा संरक्षणको निमित्त खर्च गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

126

तर कुनै खास स्मारकलाई नै तोकिएर प्राप्त हुन आएको रकम सोही स्मारकको जिर्णोद्धार तथा संरक्षण कार्यमा मात्र खर्च गरिनेछ।

४.१०.४ कोषको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राखी महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ।

४.११ **कोष संचालक समितिः**

४.११.१ नियम ४.१० को उपनियम ४.१०.३ को प्रयोजनको लागि कोषको संचालन गर्न देहायबमोजिमको एक संचालक समिति रहनेछ :–

४.११.१.१ सचिव, युवा, खेलकुद तथा संस्कृति मन्त्रालय – अध्यक्ष

४.११.१.२ महानिर्देशक, विभाग –सदस्य

४.११.१.३ प्रतिनिधि, अर्थ मन्त्रालय –सदस्य

४.११.१.४ प्रतिनिधि, संस्कृति र पुरातत्व सम्बन्धी केन्द्रीय शिक्षण त्रिभुवन विश्वविद्यालय विभाग –सदस्य

४.११.१.५ प्राचीन स्मारक संरक्षणसम्बन्धी कार्यमा संलग्न गैर सरकारी संस्थाहरू मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको एकजना व्यक्ति –सदस्य

४.११.२ उपनियम ४.११.१.५ बमोजिम मनोनीत व्यक्तिको पदावधि एक वर्षको हुनेछ। पुनः अर्को एक अवधिको लागि निजको मनोनयन हुन सक्नेछ।

४.११.३ कोषको रकम कोषको संचालक समितिले तोकेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ। त्यस्तो खाताको संचालन विभागको महानिर्देशक र संचालक समितिले तोकेको विभागको अधिकृत कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

४.११.४ कोष संचालक समितिको सचिवको काम गर्न विभागले कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.१२ संरक्षित स्मारक क्षेत्रभित्र चलचित्र छायाङ्कनसम्बन्धी व्यवस्थाः

४.१२.१ संरक्षित स्मारक क्षेत्रहरूभित्र चलचित्र, टेलिचलचित्र, वृत्तचित्र आदिको छायाङ्कन गर्न चाहने स्वदेशी वा विदेशी व्यक्तिले विभागको पूर्व स्वीकृति लिनु पर्नेछ ।

४.१२.२ उपनियम ४.१२.१ बमोजिम विभागको स्वीकृति लिनु पर्दा अनुसूची–७ मा तोकिएबमोजिमको दस्तूर सहित विभाग समक्ष निवेदन दिनु पर्नेछ ।

४.१२.३ उपनियम ४.१२.२ बमोजिम विभाग समक्ष निवेदन दिंदा छायाङ्कन गर्ने चलचित्र, टेलिचलचित्र, वृतचित्र आदिको कथा वा स्क्रिप्टको प्रतिलिपिसमेत पेश गर्नु पर्नेछ ।

४.१२.४ छायाङ्कनका लागि उपयोग गरिने संरक्षित स्मारक क्षेत्र निजी स्वामित्वमा रहेको भए त्यस्ता स्मारक क्षेत्रको संचालकको समेत अनुमति लिनु पर्नेछ ।

४.१२.५ यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको कार्यक्रम तथा नीति अनुसारको कार्यमा सघाउ पुऱ्याउन वा मुनाफा रहित उद्देश्यले सार्वजनिक कल्याणकारी संस्थाको लागि छायाङ्कन गर्दा श्री ५ को सरकारले अनुसुची–७ मा तोकिएबमोजिम दस्तूर मिन्हा गर्न सकिनेछ ।

४.१३ चलचित्र सेन्सर गर्दा प्रतिनिधि आमन्त्रण गर्नुपर्नेः प्रचलित कानून बमोजिम चलचित्र, टेलिचलचित्र, वृत्तचित्र आदिको सेन्सर गर्दा संरक्षित स्मारक क्षेत्रमा छायाङ्कन गरिएको चलचित्र, टेलिचलचित्र, वृत्तचित्र आदि भए विभागका अधिकृत प्रतिनिधिलाई समेत आमन्त्रण गर्नु पर्नेछ र स्वीकृति विपरितका दृष्यहरू छायाङ्कन गरिएको देखिएमा त्यस्ता दृष्यहरू हटाउन सकिनेछ ।

७. मूल नियमावलीमा अनुसूची थपः मूल नियमावलीको अनुसूची–६ पछि यसै साथ संलग्न अनुसूची–७ थपिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–७
(उपनियम ४.१२.२ संग सम्बन्धित)
चलचित्र छायाङ्कन गर्दा लाग्ने दस्तूर

१. नेपाली नागरिक वा अन्य कुनै संस्थाबाट निर्माण गरिने प्रत्येक कथानक चलचित्रका लागि दुईहजार रूपैयाँ ।

२. नेपाली नागरिक वा अन्य कुनै संस्थाबाट निर्माण गरिने प्रत्येक टेलिचलचित्र, वृत्तचित्र वा विज्ञापनका लागि प्रयोग हुने चलचित्रका लागि पाँचसय रूपैयाँ ।

३. विदेशी नागरिक वा संस्थाबाट निर्माण गरिने प्रत्येक कथानक चलचित्रका लागि अमेरिकी डलर तीनसय वा सो बराबरको नेपाली रूपैयाँ ।

४. विदेशी नागरिक वा संस्थाबाट निर्माण गरिने प्रत्येक टेलिचलचित्र, वृत्तचित्र वा विज्ञापनको लागि प्रयोग हुने चलचित्रका लागि अमेरिकी डलर एकसय वा सो बराबरको नेपाली रूपैयाँ ।

आज्ञाले,
श्रीमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सो ऐन मिति २०५६।६।१ गतेदेखि लागू हुने गरी तोकेको छ ।

आज्ञाले,
हिरण्यलाल रेग्मी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१८०

# संसद सचिवालयको

## सूचना १

मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. १ र सुनसरी जिल्लाको निर्वाचन क्षेत्र नं ५ बाट प्रतिनिधिसभाका सदस्यमा निर्वाचित श्री गिरिजाप्रसाद कोइरालाले मिति २०५६।४।२ देखि लागू हुने गरी प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ३० को उपदफा (१) बमोजिम मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. १ को प्रतिनिधिसभाको सदस्यता त्याग गर्ने गरी राजीनामा दिनु भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४९ को खण्ड (ख) बमोजिम प्रतिनिधिसभाको सदस्यको स्थान १ रिक्त हुन आएको हुँदा प्रतिनिधिसभा नियमावली, २०५४ को नियम २२२ को उपनियम ३ को प्रयोजन लागि यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

रौतहट जिल्लाको निर्वाचन क्षेत्र नं १ र ४ बाट प्रतिनिधिसभाका सदस्यमा निर्वाचित श्री माधवकुमार नेपालले मिति २०५६।४।२ देखि लागू हुने गरी प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ३० उपदफा (१) बमोजिम रौतहट जिल्लाको निर्वाचन क्षेत्र नं ४ को प्रतिनिधिसभाको सदस्यता त्याग गर्ने गरी राजीनामा दिनु भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४९ को खण्ड (ख) बमोजिम प्रतिनिधिसभाको सदस्यको स्थान १ रिक्त हुन आएको हुंदा प्रतिनिधिसभा नियमावली, २०५४ को नियम २२२ को उपनियम ३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

झापा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र ६ बाट प्रतिनिधिसभाका सदस्यमा निर्वाचित श्री के. पी. शर्मा ओलीले मिति २०५६।४।३ देखि लागू हुने गरी प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ३० को उपदफा (१) बमोजिम झापा जिल्लाको निर्वाचन क्षेत्र नं ६ को प्रतिनिधिसभाको सदस्यता त्याग गर्ने गरी राजीनामा दिनु भएकोले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४९ को खण्ड (ख) बमोजिम प्रतिनिधिसभाको सदस्यको स्थान १ रिक्त हुन आएको हुँदा प्रतिनिधिसभा नियमावली, २०५४ को नियम २२२ को उपनियम ३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
सूर्यकिरण गुरूङ्ग
प्रतिनिधिसभाको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०५६।४।२७ को निर्णयानुसार मुख्य सचिव पदमा मिति २०५६।४।३० गतेदेखि कानून तथा न्याय मन्त्रालयका सचिव श्री तीर्थमान शाक्यलाई बढुवा गरेको छ।

### सूचना २

श्री ५ को सरकारले मिति २०५६।४।२७ को निर्णयानुसार मन्त्रिपरिषद् सचिवालयका मुख्य सचिव श्री बलरामसिंह मल्लले निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको मुख्य सचिव पदबाट स्वेच्छिक अवकाश पाउन दिनु भएको राजीनामा मिति २०५६।४।३० देखि लागू हुने गरी स्वीकृत गरेको छ।

आज्ञाले,
विद्युतराज चालिसे
श्री ५ को सरकारको सचिव

## महालेखा परीक्षकको विभागको

### सूचना १

महालेखा परीक्षकले श्री ५ को सरकारको २०५६।४।६ को स्वीकृति बमोजिम लेखापरीक्षण सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको रिक्त लेखापरीक्षण अधिकारी पदमा १ वर्षको परीक्षणकालमा रहने गरी देहायका व्यक्तिहरूलाई स्थायी नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ।

१. श्री सत्यनारायण थापा, जिल्ला नवलपरासी, सुनवल–४
२. श्री अजयकुमार सापकोटा, जिल्ला काठमाडौं का.म.न.पा.–१५

### सूचना २

महालेखा परीक्षकले श्री ५ को सरकारको २०५६।४।६ को स्वीकृति बमोजिम लेखापरीक्षण सेवा, राजपत्र अनङ्कित प्रथम श्रेणीका देहायका लेखापरीक्षण अधीक्षकहरूलाई सोही सेवाको राजपत्राङ्कित तृतीय श्रेणीको रिक्त लेखापरीक्षण अधिकारी पदमा बढुवा नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ।

१. श्री रामकृष्ण अधिकारी, जिल्ला काभ्रेपलाञ्चोक, खनालथोक–५
२. श्री श्रीराम तिमिल्सिना, जिल्ला भक्तपुर, कटुञ्जे–६।

आज्ञाले,
बच्चुराम दाहाल
नायव महालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित

गरिएपछि मात्र लागु हुनेछ।

982